परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ३९ पष्ठ ४ २०८२ मंसिर १४ गते, आइतबार 30 November, 2025 मूल्य रु. ५/– हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## फागुन २१ मा चुनाव हुन नसक्ने दुर्गा प्रसाईंको दाबी

● टक नेपाल

राष्ट्र, राष्ट्रियता, धर्म-संस्कृति र नागरिक बचाउ अभियानका संयोजक एवं मेडिकल व्यवसायी दुर्गा प्रसाईंले फागुन २१ मा निर्वाचन नहुने दाबी गरेका छन् ।



काठमाडौंमा पत्रकार सम्मेलन गरेर शनिबार प्रसाईंले फागुन २१ मा निर्वाचन नहुने दाबी गरेका हुन् ।

उनले अहिलेको सरकारमा रहेकाहरूको पनि भ्रष्टाचारी नै भएको आरोप लगाए । उनले अहिलेको सरकार पनि भ्रष्टाचारमा विगतको भन्दा फरक नरहेको जिकिर जिकिर गरे ।

अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले आफैँले सरकारी जग्गा मिचेको आरोप लगाउनु हुँदै उनले आफूले हालसम्म कुनैपनि भ्रष्टाचार र अनियमितता नगरेको दाबी गरे ।

'चुनाव नै हुँदैन । चुनाव नहुने क्लियर छ । अहिलेको सरकारको नेतृत्वमा रहेकाहरुको पनि जात एउटै हो । विगतका सरकार भन्दा फरक छैन । अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले आफैँले सरकारी जग्गा मिचेको रहेछ । केको भ्रष्टाचारविरोधी ? मैले कुनै अनियमितता गरेको छैन,' उनले भने । उनले मंसिर २२ गते प्रधानमन्त्री सुशीला कार्कीसँग आफ्ना मागहरुसहित भेटवार्ता गर्ने बताए । २२ गते प्रधानमन्त्रीसँगको वार्तापछि सरकारले आफूहरुका माग सम्बोधन गर्नेमा आधा मात्रै विश्वस्त रहेको बताउँदै माग पूरा नभए आन्दोलन हुने बताए । आफ्नो माग जायज भएको उनको तर्क छ ।

## प्रधानमन्त्रीले माफी माग्नुपर्छ !

● टक नेपाल

मुस्लिम समुदायबारे प्रधानमन्त्री सुशीला कार्कीले केही दिनअघि 'मुस्लिम महिलालाई जिउँदै गाडिन्छ' भन्ने दिएको अभिव्यक्ति बारे मुफ्ती मो. उस्मान बरकाती काजिए नेपालले आपति जनाएका छन् । शुक्रवार उनले एक पत्रकार सम्मेलन आयोजना गरी प्रधानमन्त्री जस्ता गरिमामय पदमा बसेका व्यक्तिले धर्म अनुसार कुनै समुदायलाई अव्हेलित गर्नु गलत रहेकाले आफ्नो अभिव्यक्ति सच्याएर माफी माग्नुपर्ने बताए । प्रधानमन्त्री कार्कीले इस्लामिक कानून विपरित दिएको उक्त अभिव्यक्तिले इस्लाम धर्मलाई अव्हेलित भएकाले समग्र मुस्लिम समुदायको चित दुखेको उल्लेख गर्दै उनलाई माफी माग्नुपर्ने उस्मानले भने ।

प्रधानमन्त्री जस्ता व्यक्तिले तथ्यहीन, अपमानजनक र सामाजिक सद्भाव विपरीत होच्याउने खालको अभिव्यक्ति दिनु गलत रहेकाले तत्काल सार्वजनिक माफी माग्नुपर्छ नभए मुस्लिम समुदाय संघर्षमा जाने चेतावनी समेत उनले दिए । संचारकर्मीहरुको जिज्ञासामा उस्मानले भने प्रधानमन्त्री कार्कीले दिएको अभिव्यक्ति मुस्लिम महिलालाई जलाउने र गाड्ने लगायतका इस्लामिक कानून आउनु अघिको थियो । तर इस्लामिक कानून आएपछि त्यो अवस्था परिवर्तन भइसकेको छ । जहाँसम्म शिक्षाको कुरा अहिले सबै देशले स्वतन्त्रता दिइसकेको छ । यसमा तथ्यहिन अभिव्यक्ति दिनु गलत हो ।

## मुलुकमा राजनीतिक परिवर्तन भएपनि आर्थिक र समाजिक परिवर्तन हुन सकेन : उपेन्द्र यादव



● टक नेपाल

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुकमा पटक पटक राजनीतिक परिवर्तन भएपनि आर्थिक र समाजिक परिवर्तन हुन नसकेको बताएका छन् ।

शनिबार जनकपुरधाममा आयोजित दलित , पिछडावर्ग, थारु आदिवासी र अल्पसंख्यक (डोटिम) परिसंघको धनुषा जिल्ला स्तरीय वृहत अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले राजनीतिक परिवर्तनले मात्र मुलुक समृद्ध हुन नसक्ने भन्दै आर्थिक र समाजिक परिवर्तनको दिशामा अघि बढ्नु आवश्यक रहेको बताए ।

अध्यक्ष यादवले अबको क्रान्ति आर्थिक र समाजिक रुपान्तरणको लागि हुनु पर्ने उल्लेख गर्दै तीक्रान्तिको नेतृत्व डोटिम परिसंघले लिनु आवश्यक रहेको बताए ।

समाजको तल्लो अवस्थामा रहेका वर्ग र समुदायको अवस्थामा परिवर्तन नभए सम्म राजनीतिक परिवर्तनको कुनै अर्थ नहुने उल्लेख गर्दै अध्यक्ष यादवले समाजमा रहेको विकृति विसंगतिको अन्त्य भए सम्म लोकतन्त्रको कुनै अर्थ नहुने बताए ।

दलित, पिछडावर्ग, अल्पसंख्यकहरुको राजनीतिमा भागिदारी र सत्तामा साझेदारी नभए सम्म सार्थक लोकतन्त्रको परिकल्पना समेत गर्न नसकने भन्दै अध्यक्ष यादवले समाजिक लोकतन्त्रको लागि अघि बढ्नु पर्ने बताए ।

दलित, पिछडावर्ग, अल्पसंख्यकहरु छुट्टा छुट्टै लडेर समानताको अधिकार पाउन नसक्ने भन्दै उनले एकजुट भएर लडनका लागि डोटिम परिसंघ साझा मञ्च निर्माण भएको बताए ।

Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883
खुशी मेडिकल हल
बर्दिबास-२, महोत्तरी औषधी पसल
यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ ।

बिवाहको लागि भाडामा क्यामरा चाहिएमा....
9814237408
AR Photo Studio-Bardibas
बर्दिबास नगरपालिका-१, इलाका प्रशासन कार्यालयको छेउमा
हाम्रो सेवाहरू
● फ्लेक्स प्रिन्ट ● होर्डिङ्ग बोर्ड ● 2D बोर्ड ● 3Dबोर्ड
● भिजिटिङ्ग कार्ड ● टि-सर्ट प्रिन्ट ● स्टाम्प ● कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

vianet
अब सबै connected

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

**सम्पादकीय**

# लैङ्गिक हिंसाको चिन्ता

लैङ्गिक हिंसा विश्वकै समस्या हो । यो हिंसा विभिन्न रूपमा देखा परेको छ । धनी तथा गरिब सबै मुलुकका लागि समस्या बनेको लैङ्गिक हिंसा कम गर्न विभिन्न कार्यक्रम सञ्चालित छन् । शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा यौनिक रूपमा असर पर्ने गरी हुने हिंसालाई लैङ्गिक हिंसा भनिन्छ । स्रोतसाधन, अवसर, जिम्मेवारी तथा हक, अधिकारको असमान वितरण, सानो उमेरमा वा बालविवाह, महिलालाई घरमा मात्र सीमित राख्नु, महिलाको कामको मूल्याङ्कन नगरिनु जस्ता लिङ्गका आधारमा हुने हिंसा यस अन्तर्गत पर्छन् । नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७१ अनुसार लैङ्गिक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लैङ्गिक आधारमा कसै प्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्छ भनेको छ । सो शब्दले लैङ्गिक आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारी रूपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै कार्यसमेतलाई जनाएको छ । महिलालाई कुटपिट, जबरजस्ती, गर्भपतन गर्न लगाउनु, कामको बोझ थपेर दुःख दिनु वा शारीरिक रूपमा घाउ, चोटपटक वा क्षति पुग्ने गरी गरिने हिंसा शारीरिक हिंसा हो । शारीरिक यातनाको डर, धाक, धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, अपशब्द बोल्ने, अरूका अगाडि होच्याउने, तिरस्कार गर्ने, झुठा बात लगाउने, घरबाट निकाला गर्ने, इच्छाविपरीत काम गर्न लगाउने साथै वैचारिक, धार्मिक, सांस्कृतिक तथा परम्पराका आधारमा गरिने भेदभावलाई मानसिक हिंसाका रूपमा लिइएको छ ।

सामाजिक संस्कार, धर्म परम्परा वा रीतिरिवाजका आधारमा गर्ने हिंसा बालविवाह, बोक्सीको आरोप, झुमा, देउकी, बादी, बोक्सी, बहुविवाह, सुत्केरी तथा रजस्वलाको समयमा गरिने छुवाछुतको व्यवहार वा छाउपडी इत्यादि सामाजिक सांस्कृतिक हिंसा हुन् । काम गर्ने स्थान, अध्ययन-अध्यापन गर्ने स्थान, सार्वजनिक यातायात वा अन्य सार्वजनिक स्थानमा, घरभित्र वा जुनसुकै स्थानमा गरिने बलात्कार, बलात्कारको प्रयास, यौन दुर्व्यवहार, यौन शोषण, जबरजस्ती संवेदनशील अङ्ग छुने वा छुवाउने जबरजस्ती वा झुक्याएर यौन चित्र, फोटो वा फिल्म देखाउने वा जबरजस्ती संवेदनशील चित्र, फोटो वा फिल्म खिच्ने, यौनजन्य कुराकानी वा शब्दहरूको प्रयोग गर्ने वा यस्तै प्रकारका अन्य घटना यौनिक हिंसा भित्र पर्छन् । यौनिक हिंसाको धेरै जसो घटना चिनेजानेकै व्यक्तिबाट हुने गरेको पाइएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आह्वानमा हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान विभिन्न कार्यक्रमका साथ मनाउने गरिन्छ । यस वर्षको अन्तर्राष्ट्रिय नारा 'सबै महिला र बालिकामाथि हुने डिजिटल हिंसाको अन्त्य गर्न जुटौं' र राष्ट्रिय नारा 'प्रविधिको सही प्रयोग गरौं : लैङ्गिक हिंसा अन्त्य गरौं' भनेर तय गरिएको छ । नेपाल जस्तो सामाजिक संरचनाले निर्देशित देशमा लैङ्गिक हिंसा कुनै व्यक्तिगत नभई प्रणालीगत कमजोरीको परिणाम हो । हिंसाका स्वरूप घर, विद्यालय, कार्यस्थल, सार्वजनिक स्थानदेखि अनलाइनसम्म फैलिएका छन् । १६ दिने अभियानले समाजमा हिंसा छ भन्ने यथार्थलाई सार्वजनिक विमर्शको केन्द्रमा ल्याइदिएको छ ।

लैङ्गिक हिंसा व्यक्तिगत होइन सामाजिक समस्या हो । हिंसा गर्नेको उद्देश्य पीडितलाई मात्र दबाउनु होइन, सम्पूर्ण समाजलाई डर, मौनता र असमानताको संस्कारमा बाँधिराख्नु हो । प्रधानमन्त्री सुशीला कार्कीले लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको मङ्गलबार शुभारम्भ गर्दै लैङ्गिक हिंसा अन्त्यका लागि समाजलाई जगाउनुपर्ने बताउनुभएको छ । उहाँले भन्नुभए जस्तै हामीकहाँ लैङ्गिक हिंसाविरुद्धका कानुन भए पनि कार्यान्वयन हुँदैन । हिंसा हुन्छ तर निवारण हुँदैन । हिंसाको अन्त्य गर्न समाजलाई जगाउनु पर्छ । नेपालमा २०४६ को आन्दोलनपछि कानुनमा ठुलो परिवर्तन आएको छ । लैङ्गिक समानताका लागि विभिन्न कानुन बनाइएका छन् र पुराना कानुन संशोधन गरिएका छन् । परिवर्तित सन्दर्भमा नेपालका महिला राष्ट्रपति, प्रधानमन्त्री, मुख्य सचिव, प्रधानन्यायाधीश बनिसकेको छन् । तैपनि महिला समानताका कुरामा कानुन कार्यान्वयन कमजोर छ । विश्वमा सन् १९९१ देखि लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु गरियो । नेपाल सरकारको २०७५ कात्तिक १० गतेको निर्णय अनुसार हरेक वर्ष यो अभियान मनाउने गर्छ । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिलाई नेपालले सन् १९९१ मा अनुमोदन गरिसकेको छ । संयुक्त राष्ट्रसङ्घले यसै अभियानकै क्रममा सार्वजनिक गरेको प्रतिवेदन अनुसार प्रत्येक १० मिनेटमा विश्वका कुनै न कुनै स्थानमा एक महिलाको हत्या हुने गरेको छ । यो सबैका लागि चिन्ताको विषय हो । त्यसैले सबै मिलेर सामाजिक जागरण ल्याएर लैङ्गिक हिंसा अन्त्य गर्नु आजको प्रमुख आवश्यकता हो ।

## सिरहामा अन्तरजातीय प्रेम विवाह गर्ने

# युवक-युवतीलाई प्रहरीले रातभर थुनेर राख्यो

● टक नेपाल



सिरहामा गैरदलित युवतीसँग प्रेम विवाह गरेका युवकलाई प्रहरीले रातभर थुनामा राखेको आरोप लागेको छ। सुखीपुर नगरपालिका-५ का २१ वर्षीय अमृत कुमार मोचीलाई प्रहरीले गैरकानुनी ढंगले नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय, गोलबजारमा थुनेर राखेको परिवारले दाबी गरेको छ। अमृतलाई शुक्रबार राति करिब ११ बजे सिरहा-धनुषा सीमास्थित कमला नदीको पुल छेउबाट नियन्त्रणमा लिएर गोलबजार पुऱ्याइएको थियो। उनी रातभर हिरासतमा बसेका थिए। स्थानीय अगुवाको चासोपछि मात्र शनिबार साँझ उनलाई आफन्तको जिम्मामा छाडिएको हो। अमृतसँगै उनकी पत्नी, धनगढीमाई नगरपालिका-२ की २० वर्षीया कोसिका कुमारी साहलाई समेत प्रहरीले नियन्त्रणमा लिएको थियो। उनी रातभर गोलबजारस्थित सेफ हाउसमा राखिएकी थिइन्।

एक वर्षदेखि प्रेममा रहेका दुवैलाई शुक्रबार जनकपुरस्थित जानकी मन्दिरमा विवाहका लागि लगिएको थियो। तर विवाह भइरहेका बेला युवतीका बुबा फुलगेन साहसहित १५-२० जनाको समूहले विवाद उत्पन्न गरेपछि प्रहरीले युवक-युवतीलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय धनुषा पुऱ्याएको थियो।

धनुषा प्रहरीले दुवैले उमेर पुगेको कागजात देखाई राजीखुसी विवाह गर्न चाहेको बताएपछि उनीहरूलाई युवकको परिवारको जिम्मा लगाइदिएको थियो। उनीहरूले आफूहरू असुरक्षित रहेको बताएपछि धनुषा प्रहरीले गाडीमै कमला पुलसम्म पुऱ्याए पनि सिरहातर्फ प्रवेश गर्नेबित्तिकै स्थानीय प्रहरीले फेरि नियन्त्रणमा लिएको अमृतकी आमा रूकमिनी मोचीले बताइन्।

'हामी दलित भएकै कारण यसरी व्यवहार भयो,' आमा रूकमिनीको आरोप छ उनका अनुसार धनुषा प्रहरीले छाडिदिए पनि सिरहा प्रहरीले पुलमै छाडेर छोरा-बुहारीलाई जबर्जस्ती अपहरण शैलीमा लगेर थुनेर राख्यो। तर सिरहा प्रहरीले भने शान्ति सुरक्षाका कारण दुवैलाई नियन्त्रणमा राखिएको दाबी गरेको छ। 'दुवै पक्षबीच विवाद हुनसक्ने भएकाले सुरक्षाका लागि राखिएको हो,' जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डीएसपी रमेशबहादुर पालले बताए, 'यसमा अन्य केही कारण छैन।'

मधेश पुस्तकालयका संरक्षक आभाष गुरूले प्रहरीद्वारा व्यक्तिलाई विनाकारण थुनामा राख्नु गैरकानुनी कार्य भएको टिप्पणी गरेका छन्। 'राज्य संयन्त्रमा उच्चजातीय अहंकार देखिने भएकाले दलितमाथि बारम्बार दमन हुन्छ,' उनले भने, 'सुरक्षाका नाममा थुनेर राख्नु घोर गैरकानुनी र लज्जास्पद व्यवहार हो।' युवक-युवती दुवैलाई परिवारको जिम्मा लगाइए पनि उनीहरू अझै गोलबजार प्रहरी परिसरमै अड्किएका छन्। युवतीका बुबालगायतको समूह प्रहरी कार्यालयको गेटमा बसेको र बाहिर निस्के विवाह हुनसक्ने भएकाले छोड्न आनाकानी गरिरहेको स्थानीयले बताए। घरसम्म पुऱ्याइदिन आग्रह गर्दा पनि प्रहरीले नमानिरहेको उनीहरूको भनाइ छ ।

# जलेश्वर कारागारका २७३ कैदीबन्दी अझै फरार

● टक नेपाल

जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते महोत्तरी जिल्लाको जलेश्वर कारागारबाट भागेका कैदीबन्दीमध्ये २७३ जना अझै फरार छन् । जलेश्वर कारागार तोडेर भागेका ४० भारतीयसहित ५७६ कैदीबन्दी मध्ये ३०३ जना फर्किसकेका जेलर अशोककुमार क्षेत्रीले बताए । उनका अनुसार अझै पनि भागेका कैदीबन्दी आउने क्रम जारी रहेको छ ।

कारागार तोडेर भागेका कैदीबन्दीलाई भदौ २५ गते कारागार प्रशासनले फर्किन आह्वान गरेको थियो । जेलर क्षेत्रीले फर्की नआउने फरार कैदीबन्दी उपर कारागार ऐन २०७९ र अन्य नेपालको प्रचलित कानून बमोजिम कारबाही हुने तथा कैदीबन्दीलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्ति उपर पनि कानुन बमोजिम कारबाही हुने बताए ।

जलेश्वर कारागारबाट भागेकामध्ये १३ कैदीबन्दीलाई भारततर्फ भाग्दै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राउ गरी पुनः कारागार फर्काउन मद्दत गरेको थियो भने बाँकी कैदीबन्दी आफैं कारागार फर्किएका हुन् । फरार कैदीबन्दीको खोजतलाश गरिरहेको प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले बताए ।






# घरेलु हिंसाका करीब ३ सय मुद्दा दर्ता

● टक नेपाल




गत तीन वर्षयता सप्तरीमा विवाहसम्बन्धी कसूर (लेनदेन), विवाहसम्बन्धी कसूर र घरेलु हिंसाका गरी करीब ३ सय मुद्दा दर्ता भएको छ।

आर्थिक वर्ष २०७९/०८० देखि ०८१/०८२ सम्ममा विवाहसम्बन्धी कसूर (लेनदेन) का ६, विवाहसम्बन्धी कसूरका एउटा र घरेलु हिंसाका मात्रै २ सय ८७ वटा मुद्दा दर्ता भएका छन्। विवाहसम्बन्धी कसूर (लेनदेन) का ६ वटा मुद्दामा अनुसन्धानको हद म्यादभित्र २ जना मात्रै पक्राउ परेका छन्। आर्थिक वर्ष ०८१/०८२ मा विवाहसम्बन्धी कसूरका एउटा मुद्दामा पनि अनुसन्धानको हद म्यादभित्र कोही पक्राउ परेको छैन। 'घटना थाहा पाएको ३० दिनभित्र जाहेरी गर्नुपर्ने र ३ महिनाभित्र अनुसन्धान गरेर अदालतमा बुझाउनुपर्ने कानुनी व्यवस्था छ,' जिल्ला प्रहरी प्रवक्ता डीएसपी पुरीले भने, 'मुद्दा बुझाइसकेपछि अन्य आरोपी अदालतमा हाजिर भएको हुन सक्छ।' आ.व. २०७९/०८० मा प्रहरी कार्यालयमा दर्ता भएका घरेलु हिंसाका १ सय ५ मध्ये ८५ वटा मुद्दा प्रहरीको पहलमा फर्स्योट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी डम्बरबहादुर पुरीले जनाएको छ। ८ वटा मुद्दा अन्य निकायमा पुगेका छन् भने १२ जना सम्पर्कमा नआएको प्रहरीको भनाइ छ। ०८०/०८१ मा पनि १ सय ५६ वटा मुद्दा दर्ता भएको थियो। त्यसमा ९२ वटा फर्स्योट हुँदा ३९ मुद्दा अझै चलिरहेका छन्। १५ वटा मुद्दा भने अन्य निकायमा जाँदा १० जना सम्पर्कमा आएका छैनन्। ०८१/०८२ मा भने घरेलु हिंसाका मुद्दा कम आएको प्रहरीको तथ्यांक छ। उक्त वर्ष २६ मुद्दा दर्ता हुँदा ११ वटा फर्स्योट भएका उनले जनाएको छ।

प्रहरीबाहेक घरेलु हिंसाका मुद्दा स्थानीय तह, अदालत र राष्ट्रिय महिला आयोगले पनि हेर्ने गर्छन्। प्रहरीमा आएका घरेलु हिंसाका मुद्दामा पीडितको माग अनुसार मिलापत्र गरेर पठाउने गरेको डीएसपी पुरीले बताए। महादेवा गाउँपालिकाकी उपाध्यक्षसमेत रहेकी न्यायिक समितिकी संयोजक अर्चुनाकुमारी यादवले विवाहपछि नागरिकता नबनाइदिने र खान बस्न नदिइने जस्ता घरेलु हिंसाका घटना समितिमा आउने गरेको बताइन्। 'अहिलेसम्म त्यस्ता ५ वटा मुद्दा आउँदा दुईवटा समाधान गरिरहेका छौं,' उनले भनिन्, 'मिलापत्रमा समस्या देखिएका दुईवटा मुद्दा अदालत पठाइसकेका छौं। एउटा अझै चलिरहेको छ।'

# बिना इजाजतका औषधि बिक्री गर्ने दुई पसलमा सिलबन्दी

● टक नेपाल

औषधि व्यवस्था विभाग वीरगन्ज शाखाले इजाजत बिनाका औषधि बिक्री गरेको पाइएपछि हेटौंडाका दुई औषधि पसलमा सिलबन्दी गरेको छ। अनुगमनको क्रममा शाखाले हेटौंडा-८ स्थित अग्रिम हेल्थ केयर र हेटौंडा-४ स्थित बिके हेल्थ क्लिनिकमा बिना इजाजत नै विभिन्न कम्पनीका औषधि बिक्री गरिएको पाइएपछि सिलबन्दी गरिदिएको हो। शाखा प्रमुख शम्भूप्रसाद साहका अनुसार मंगलबार मकवानपुरका १९ र बुधबार सिन्धुली जिल्लाका १४ गरी कूल ३३ औषधि पसल अनुगमन गरिएको थियो। अनुगमनको क्रममा औषधि पसलहरु दर्ता भए/नभएको, फर्मासिस्ट वा व्यवसायी आफै पसलमा बस्ने गरेको/नगरेको, लागुऔषध तथा मनोद्विपकको तथ्यांक राखेर बिक्री गरे/नगरेको, औषधि व्यवस्था विभागमा दर्ता नरहेको औषधि सञ्चय गरे/नगरेको आदि जानकारीलाई लक्षित गरिएको शाखा प्रमुख शाह बताउँछन्। कार्यालयका निरीक्षकद्वय रजिना श्रेष्ठ र मुकेशकुमार राउतको टोलीले अनुगमन गरेको थियो। सिन्धुलीका औषधि पसलमा भने कुनै कैफियत भेटिएको थिएन। मकवानपुरमा अनुगमनको क्रममा चार औषधि पसलमा फर्मासिस्ट नबसेको पाइएपछि ती पसल तत्कालै बन्द गरी उनीहरुलाई स्पष्टीकरणसहित कार्यालयमा उपस्थित हुन निर्देशन दिइएको साहले बताए। कार्यालयको कार्यक्षेत्रमा मधेश प्रदेशका सिरहा र सप्तरी बाहेकका ६ जिल्ला र बागमती प्रदेशका चितवन, मकवानपुर र सिन्धुली गरी ९ जिल्ला पर्छन्।











जि.प्र.का. महोत्तरी दता नं. ५६-२७८-७
जि.हु.का, द.नं. ७-८/८१


# 'प्रविधि र विकासलाई गति दिन डिजिटल कोरिडोरको अवधारणा जरुरी छ'




● टक नेपाल

नेपालको सूचना प्रविधि क्षेत्रको सर्वोच्च छाता संस्था कम्प्युटर एसोसिएसन नेपालले नेपाल-भारत डिजिटल कोरिडोरको अवधारणागत ढाँचा औपचारिक रूपमा सार्वजनिक गरेको छ।

दक्षिण एसियाको डिजिटल रूपान्तरणलाई गति दिन, क्षेत्रीय नवप्रवर्तनलाई बढावा दिन, र नेपाल-भारतलाई अग्रणी डिजिटल केन्द्रका रूपमा स्थापित गने लक्ष्यसहितको यो फ्रेमवर्क क्यान महासंघका वरिष्ठ उपाध्यक्ष तथा आइसिटी पोलिसी विज्ञ चिरञ्जीवी अधिकारीको नेतृत्वमा तयार गरिएको हो।

क्यान महासंघको पहलमा नेपाल र भारत डिजिटल करिडोर काम गर्न सहज होस् र ज्ञान, सीप र उत्पापन सहकार्य गर्न सकियोस् भन्ने उद्देश्यले उक्त अवधारणा अगाडि बढ्ने क्यान महास्पका अवरिष्ठ उपाध्यक्ष चिरिन्जीवी अधिकारीले बताए। उनले भने, 'नेपाल-भारत डिजिटल कोरिडोरले युपीआई फोनपे अन्तरसंयोजनलाई विस्तार गर्दै तत्काल, सुरक्षित र किफायती भुक्तानी प्रणालीलाई बलियो बनाउनुका साथै स्टार्टअप तथा नवप्रवर्तन सहकार्य हुन्छा जसले दुवै देशका संस्थापकहरूका प्रविधिलाई प्रवर्द्धन, भ्याइस कलको पहुँच र दक्षिणका एसियाका उत्पादनहरू संयुक्त बाइन र एकअर्कालाई सघाउन मद्दत पुऱ्याउनेछा'

उनका अनुसार प्रविधिमा भएका सीप, प्रमाणपत्र र प्राविधिक जनशक्ति दक्षिण एसियाका देशहरूले चाहिउको बेला संयुक्त रूपमा उपयोग गर्न सक्नेछन। 'अहिले डिजिटल दुनियाँले संसारलाई नै एक बनाइदिएको छ त्यसकारण आइटी तालिम तथा प्रमाणपत्रको पारस्परिक मान्यताले रोजगारी र सीप आदान-प्रदानलाई सरल बनाउन पक्कै सघाउँछा' उनले भने।

यस्तै अहिले प्रविधिको प्रयोगसँगै बढिरहेको साइबर सुरक्षामा सहकार्य गर्दै अगाडि बढ्ने डिजिटल करिडोरको उद्देश्य रहेको उनी बताउँछन्।

उनले भने, 'सूचना प्रविधिमा देखिएका विकृति र साइबर सुरक्षामा देखिएका चुनौतीहरूलाई चिर्न डिजिटल करिडोरमार्फत वास्तविक समय, खतरा सूचना आदान-प्रदान तथा संयुक्त साइबर अभ्यास गर्न कोशेढुंगा साबित हुन्छा'

यस्तै कृत्रिम बुद्धिमत्ता (एआई) तथा अनुसन्धानमा दक्षिण एसियाका देशहरूले साझेदारी गरी प्रविधिका नवीनतम सीप र ज्ञान प्रवर्द्धन गर्न सकिने उनको दाबी छ उनले भने, 'अहिले नेपाली भाषाका एआई मोडेल, संयुक्त अनुसन्धान र विश्वविद्यालयबीच एमओयू सुदृढ गरी सहकार्य गर्न सकिन्छा'

यसका लागि सबैभन्दा पहिले सरकारले निजी क्षेत्रसँग मिलेर डिजिटल पूर्वाधार विकास गर्नुपर्नेमा उनको जोड छ ' हामीले अहिले टीयर (त्भच-३) डाटा सेन्टर, फाइबर अप्टिक सुदृढीकरण, क्लाउड संरचना सुरक्षित र स्थिनका लागि भौतिकरुपमा पूर्वाधार बनाउनु जरूरी छ भने डिजिटल पूर्वाधार पनि त्यतिकै खाँचो छा यसले पछि क्रस-बोर्डर कनेक्टिभिटीमा मद्दत पुऱ्याउने छा' उनले भने।

यसले डेटा सुरक्षा, डिजिटल पहिचान, र ई-कमर्स कानूनलाई दुवै देशमा मिलाएर डिजिटल व्यापार सहज बनाउने उनले बताए।

अधिकारी विगत तीन दशकदेखि नेपालमा डिजिटल नीति, आइटी कानून, डिजिटल सरकार, एआई नीति, ई-गभनेन्स ब्लूप्रिन्ट, तथा उद्योग विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका आइसिटी नीति विशेषज्ञ हुन्।

# निर्वाचनअगाडि महाधिवेशन गर्न देउवा तयार

● टक नेपाल



कांग्रेस सभापति शेरबहादुर देउवा पुस मसान्तभित्रै नियमित महाधिवेशन गराउन तयार देखिएका छन् । विधानतः विशेष महाधिवेशनको माग टार्न नसकिने भएपछि उनी नियमित महाधिवेशनको पक्षमा आइपुगेका हुन् । देउवाले नियमित महाधिवेशनको कार्यतालिका ल्याउन कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई निर्देशन दिइसकेका छन् । पटक-पटक केन्द्रीय कार्यसमिति बैठक स्थगन गरेर भइरहेका शृंखलाबद्ध छलफलमा सभापति देउवाले विशेष महाधिवेशनमा कुनै पनि हालतमा नजाने अडान राख्दै आएका थिए । निकटस्थ नेताहरूका अनुसार नियमित महाधिवेशनबाटै बिदा लिने उनको चाहना छ । आफ्नो निवासमा शनिबार भएको छलफलमा देउवाले नियमित महाधिवेशनमा जुट्न सबैलाई आग्रह गरेका छन् । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले ५४ प्रतिशत प्रतिनिधिको हस्ताक्षरलाई छाडेर सभापति स्वयंले विशेष महाधिवेशन बोलाउने विकल्पसमेत अघि सारेका थिए । शनिबारको छलफलमा पनि महामन्त्रीहरूले त्यही कुरा दोहोऱ्याएका थिए । 'तपाईं आफैं विशेष महाविधेशन बोलाइदिनुहोस् । तपाईंकै अध्यक्षतामा विशेष महाधिवेशन गरौं । १५ औं महाधिवेशन चुनाव पछाडि गरौं,' महामन्त्रीद्वयको भनाइ थियो, 'यसले तपाईंको मानमर्दन कहाँबाट हुन्छ ? कसरी पार्टी फुट्छ ?' देउवा पुस मसान्तभित्र नियमित महाधिवेशन गराउने पक्षमा देखिएपछि असहमति जनाउँदै पूर्वपदाधिकारीद्वय कृष्णप्रसाद सिटौला र विमलेन्द्र निधिले चुनौती दिएका छन् । देउवा र उनीहरूबीच केही समय नोकझोंक समेत भएको थियो । निधिले केन्द्रीय कार्यसमितिका बहुमत सदस्यले पुसमा कुनै पनि प्रकारको महाधिवेशन गर्ने कार्यतालिका स्वीकार नगर्ने बताएका थिए । निधिका अनुसार १ सय ६५ सदस्यीय केन्द्रीय कार्यसमितिमा संस्थापनपक्षका ९० केन्द्रीय सदस्य निर्वाचन पछाडि वैशाखमा महाधिवेशन गर्नुपर्ने पक्षमा छन् ।

'सभापतिले विशेष महाधिवेशन जसरी पनि रोक्नुपर्छ, त्यसका लागि पुसमै नियमित महाधिवेशन गर्दा मलाई आपत्ति छैन, महाधिवेशन मैले रोकेको जस्तो नहोस्, पुसमै नियमित गर्न सहमति गरौं भन्नुभयो,' उनले कान्तिपुरसित भने, 'सभापतिलाई निर्वाचन अगाडिको कार्यतालिका मान्दै नौं भन्यौं ।'

निधि र सिटौलाको असहमति देखिएपछि थप गृहकार्य गर्न भन्दै कार्यवाहक सभापति खड्काले आइतबारलाई तय केन्द्रीय कार्यसमिति बैठक सोमबारका लागि सारेका छन् । 'अब बल कार्यवाहक सभापतिको कोर्टमा फर्केको छ । उहाँले कस्तो कार्यतालिका ल्याउनुहुन्छ, त्यसले निर्वाचन अगाडि महाधिवेशन हुने वा नहुने निर्धारण गर्छ,' छलफलमा सहभागी एक नेताले भने ।

विशेष महाधिवेशनको पक्षमा रहेका महामन्त्रीहरूले महाधिवेशन हुने सुनिश्चिततासहितको कार्यतालिका आए मात्रै स्वीकार गर्ने बताएका छन् । कार्यतालिका आउँदैमा विशेष महाधिवेशनको माग फिर्ता गर्न नसकिने उनीहरूको भनाइ छ । 'हामीले कार्यतालिका होइन, महाधिवेशन खोजेका हौं । सभापतिले नै सबै मिलेर नियमित महाधिवेशन गरौं भनेपछि हामीलाई आपत्ति हुने कुरै भएन । तर विशेष महाधिवेशनको हस्ताक्षर फिर्ता हुँदैन,' महामन्त्री थापाले कान्तिपुरसँग भने, 'निर्वाचनअगाडि नियमित भएन भने पनि विशेष अधिवेशन हुन्छ । नयाँ नेतृत्व र नयाँ नीतिसहित चुनावमा जानुपर्छ । त्यो नै पार्टीको हितमा छ । यसबाट हामी अलिकति पनि विचलित भएका छैनौं ।'

शनिबारको छलफलमा सभापति देउवाले नियमित महाधिवेशन गराइछाड्ने बताएपछि महामन्त्री थापाले तोकिएकै समयमा महाधिवेशन नभए विशेष महाधिवेशन फेरि पनि बाध्यकारी हुने स्मरण गराएका थिए ।

'विशेष महाधिवेशनको माग सभापति र कार्यवाहकको मनखुसीको कुरा हुन सक्दैन । गर्छु वा गर्दिनँ भन्न पाइँदैन, गर्नैपर्छ,' थापाले भनेका थिए, 'डेढ महिना अगाडि नै मलाई नियमित महाधिवेशनको तालिका ल्याउन दिइएन । यत्रो समय बैठक रोक्दा बाहिर बेइज्जत भयो । महाधिवेशन सुनिश्चित हुने प्रस्ताव आए पक्षमा जाऊँला, नआए विपक्ष ।'

निधिले कार्यवाहक सभापतिले ल्याउने प्रस्ताव आफूहरूको विचारसँग मिले मात्रै मान्ने बताए । 'कार्यवाहक सभापतिले प्रस्ताव सल्लाह गरेर ल्याउनुहुन्छ कि सल्लाह नगरी, थाहा छैन, पुस मसान्तभित्रकै कार्यतालिका आए सहमत हुँदैनौं । त्यसमा कसरी विरोध गर्ने भन्नेबारेमा प्रस्ताव आएपछि नै तय गर्छौं,' उनले भने ।

सभापति देउवा निवासबाट महामन्त्रीहरू बाहिरिएपछि संस्थापनपक्षका नेताहरूबीच छुट्टै संवाद भएको थियो । त्यसमा पुस मसान्तभित्रकै कार्यतालिका ल्याउनेबारेमा छलफल भएको एक नेताले जानकारी दिए ।

२८ कात्तिकमा सिंगापुरबाट फर्केपछि देउवा महाधिवेशनसम्बन्धी विवाद मिलाउन निरन्तर खटिएका छन् । 'आफैंले टिकट बाँड्ने गरी निर्वाचन आयोगमा आफ्नो नाम र हस्ताक्षर पठाएपछि सभापतिको भूमिकामाथि नै सशंकित हुने अवस्था पार्टीभित्रै भयो, पछिल्लो समय पुसभित्रै नियमित महाधिवेशन भएन भने विशेष महाधिवेशन बोलाउन बाध्य हुनुपर्छ भन्नेमा देउवा सचेत हुनुहुन्छ,' उनीनिकट एक केन्द्रीय सदस्यले भने, 'विशेष गर्नै हुन्न भन्नेमा हुनुहुन्छ । यसले आफूलाई मात्रै हटाउने नभएर पार्टी नै फुट्ने डरमा हुनुहुन्छ ।'

सिटौला भने निर्वाचन हुन तीन महिना मात्र बाँकी रहेका बेला पार्टीभित्र विवाद भिक्न नहुने बताउँछन् । केन्द्रीय पदाधिकारीहरूले महाधिवेशनको कुरा छाडेर निर्वाचनसम्बन्धी कार्यक्रम बैठकमा ल्याउनुपर्नेमा उनको जोड छ । 'कांग्रेसको नयाँ एजेन्डा के हो ? नयाँ नीति के हो ? १३ पुसमा समानुपातिकको बन्दसूची बुझाउनुपर्ने छ, त्यसका लागि अब एक महिना समय छ । उम्मेदवारको छनोट गर्नुपऱ्यो । क्षेत्र, जिल्ला र प्रदेशबाट सिफारिस आउनुपऱ्यो । संसदीय बोर्ड गठन गर्नुपऱ्यो । त्यसले निर्णय लिनुपऱ्यो,' उनले भने, 'अहिलेसम्म ती प्रक्रिया सुरु भएको छैन । एमालेले देशभर कार्यक्रम गरिसक्यो । माओवादी जिल्लातिर गइसक्यो । मधेशी दलहरू पनि आफ्नै तरिकाले सक्रिय छन् । हामीले मात्र कार्यकर्तालाई काठमाडौं बोलाएर राखेका छौं ।'


# कर्मचारी आवश्यकता

## माहामाया बचत तथा ऋण सहकारी संस्था लि.

### छिन्नमस्ता-३ सप्तरी, नेपाल

**पान नं. ६१०७८९७२०**

**विज्ञापन नं. ०१/०८२/०८३** **दर्ता नं. २०७४/०७५/०५**

**माग पद सङ्ख्या-प्रत्येक वडाबाट**
**सप्तरी जिल्लाको १ जना महिला र प्रत्येक वडाबाट १ जना पुरुषा**

**पद : बरिष्ट सहायक**
**शैक्षिक योगयता : १०+२ उतिर्ण गरेको कम्प्युटर र मोबाइल Banking सम्बन्धी ज्ञान भएको**
**उमेर : १८ बर्ष पुरा भई ३५ ननागेको**
**काम गर्नुपर्ने क्षेत्र : केन्दिय कार्यालय छिन्नमस्ता - ३ सप्तरी**
**आवेदन दस्तुर : रु.१००**
**आवेदन मिति : २०८२/०८/१५ गते देखि २०८२/०८/२९ गतेसम्म**
**मोबाइल नं. ९८१५७२०१४, ९८०२४६७४१६**


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014